# संशोधित सूचना

(प्रकाशित मिति : २०७७।२।२०)

कम्पनीमा रिक्त रहेका विभिन्न पद/श्रेणीहरू पदपूर्तिका लागि मिति २०७६।१२।०७ मा प्रकाशित विज्ञापनको उम्मेदवारको उमेरको हद सम्बन्धी व्यवस्थामा खुल्ला प्रतियोगिताका लागि मात्र पूर्ति हुने पदको हकमा उमेरको हद कायम गरिएकोमा उक्त सूचनामा आ.प्र. तथा कार्य क्षमताबाट बढुवा हुने पदका लागि समेत उमेरको हद लाग्ने जस्तो दोहोरो अर्थ लाग्न जाने देखिएकाले आ.प्र. तथा कार्य क्षमताबाट बढुवा हुने पदका उम्मेदवारहरूलाई उमेर हदको बन्देज नलाग्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सदस्य सचिव

पदपूर्ति समिति

**कृषि सामग्री कम्पनी लिमिटेड**

प्रधान कार्यालय, काठमाडौं।

# दरखास्त फाराम भर्ने सूचना

(प्रकाशित मिति २०७७।२।१९)

कम्पनीमा रिक्त रहेका विभिन्न पद/श्रेणीहरू मध्ये तपसिलमा उल्लेख भए अनुसारका पद/श्रेणी पदपूर्तिका लागि मिति २०७६।१२।०७ गतेको गोरखापत्रमा ३० दिनको समयावधि दिई दरखास्त आह्वान गरिएकोमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को कारण लकडाउनको अवस्था कायम रहेकाले २०७६।१२।१२ गतेदेखि दरखास्त बुझ्ने कार्य स्थगित गरिएकोमा पदपूर्ति समितिको मिति २०७७।२।१४ को निर्णयानुसार देहायको सूचना एवं विज्ञापन अनुसार पदपूर्ति हुने पद/श्रेणीका लागि पुनः सूचना प्रकाशित गरी दरखास्त आह्वान गर्ने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**(१) कार्य क्षमता मूल्याङ्कनद्वारा बढुवा हुने:**

| क्र.सं. | बढुवा सूचना नं. | पद | श्रेणी | सेवा | संख्या |
|---|---|---|---|---|---|
| १. | १।२०७६।७७ | प्रबन्धक | अधिकृत प्रथम | प्रशासन | ४ |
| २. | २।२०७६।७७ | उप-प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | ५ |
| ३. | ३।२०७६।७७ | सहायक-प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | २ |
| ४. | ४।२०७६।७७ | वरिष्ठ सहायक, कम्प्यूटर अपरेटर | सहायक प्रथम | प्राविधिक | २ |

**(२) आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षातर्फ:**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | सेवा | संख्या |
|---|---|---|---|---|---|
| १. | ५।२०७५।७६ | प्रबन्धक | अधिकृत प्रथम | प्रशासन | १ |
| २. | ६।२०७५।७६ | उप-प्रबन्धक | अधिकृत द्वितीय | प्रशासन | १ |
| ३. | ८।२०७५।७६ | सहायक-प्रबन्धक | अधिकृत तृतीय | प्रशासन | १ |

(क) उल्लेखित पदहरूको दरखास्त बुझाउने अन्तिम मिति यो सूचना प्रकाशित भएका मितिले २६औं दिनसम्म कायम रहने छ।

(ख) उम्मेदवारहरूको सेवा अवधि, उमेरको हद र शैक्षिक योग्यताका हकमा पूर्व प्रकाशित विज्ञापनको अन्तिम मिति २०७७।१।७ लाई नै आधार मानिने छ।

(ग) दरखास्त फाराम कम्पनीको वेबसाइट https://www.kscl.gov.np/home/form.php मा लगइन गरी डाउनलोड गर्न सकिने छ।

(घ) दरखास्त फाराम भरी आवश्यक प्रमाणपत्रका प्रतिलिपिमा आफैंले प्रमाणित गरी कम्पनीको इमेल ठेगाना headoffice@kscl.gov.np मा पठाउन सकिने छ। उक्त कार्यका लागि कम्प्यूटर अपरेटर श्री लिलाधर ओलीलाई (मोबाइल नं.९८५७०८२३०१६) सम्पर्क व्यक्ति तोकिएको व्यहोरासमेत जानकारी गराइन्छ।

सदस्य सचिव

पदपूर्ति समिति

**कृषि सामग्री कम्पनी लिमिटेड**

KRISHI SAMAGRI COMPANY LTD

(An Undertaking of Government of Nepal)